Regd. No 3/1/7(652)2069/070
द.नं. ३/१/७(६५२)२०६९/०७०

PAN : 600500193

'हाम्रो नेपाल, हाम्रो सहकारी, हाम्रो भविष्य'
Our Nepal, Our Co-operative, Our Future

# हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
# HAMRO NEPAL SAVING & CREDIT CO-OPERATIVE LTD.

मुख्य कार्यालय
Head Office
बिर्तामोड-४, झापा
Birtamode-4, Jhapa

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/११**

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ झापालाई संस्थाको स्वीकृत कार्यक्षेत्र (झापा, मोरङ र इलाम) भित्र सञ्चालित निम्न सेवाकेन्द्रको लागि रिक्त रहेको पदमा तपशिल अनुसारका कर्मचारी आवश्यक भएकोले आवश्यक योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट अनलाइन प्रणालीमार्फत आवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. **आवश्यकताको विवरण :**

| क्र.स. | बिज्ञापन नं. | पद | श्रेणि | तह | संख्या | छनोटको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ००६-२०८३/०८४ | **कनिष्ठ सहायक** (लेखा, नगद र ऋण) | सहायक द्वितिय | दोस्रो | १५ जना | खुल्ला प्रतिष्पर्धा |

२. **आवश्यक कार्यालय (क्षेत्र) र संख्या :**

| क्र.स. | सेवाकेन्द्र | कार्य गर्नुपर्ने स्थान | आवश्यक संख्या |
|---|---|---|---|
| १ | भद्रपुर क्षेत्र | चन्द्रगढी, मंगलबारे, बनियानी, सोमबारे (भद्रपुर) | १ जना |
| २ | झापा/राजगढ क्षेत्र | सुरुङ्गा, राजगढ, कामाटोली, लक्ष्मीपुर | २ जना |
| ३ | बिर्तामोड क्षेत्र | बिर्तामोड, शनिश्चरे, खुदुनाबारी, दानाबारी | २ जना |
| ४ | मेचीनगर क्षेत्र | बुधबारे, चाराली, धुलाबारी, ईटाभट्टा, काँकरभिट्टा | ३ जना |
| ५ | कमल क्षेत्र | झिलझिले, केर्खा, शिवगञ्ज | १ जना |
| ६ | गौरादह क्षेत्र | गौरादह, गौरीगञ्ज, गेउरिया | २ जना |
| ७ | दमक क्षेत्र | दमक, चुलाचुली, मधुमल्ला | २ जना |
| ८ | उर्लाबारी क्षेत्र | उर्लाबारी, मंगलबारे (मोरङ्ग), पथरी | २ जना |
| | | **जम्मा** | **१५ जना** |

३. उत्तीर्ण आवेदकहरुलाई संस्थाको आवश्यकताका आधारमा माथि उल्लेखित स्थान (क्षेत्र) भित्र अन्तर-सेवाकेन्द्र स्थानान्तरण (सरुवा) गर्न सकिनेछ । तर विशेष अवस्थामा संस्थाको आवश्यकताको आधारमा अन्तर-क्षेत्र सेवाकेन्द्र स्थानान्तरण (सरुवा) समेत गर्न सकिनेछ ।

४. **शैक्षिक योग्यता :** न्युनतम १०+२ उत्तीर्ण वा सो सरह । विदेशबाट शैक्षिक योग्यता प्राप्त गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेश गर्नुपर्नेछ ।

५. **अन्य अनिवार्य योग्यता :**

- Basic Computer प्रयोग गर्ने राम्रो दक्खल भएको
- Basic email and internet को ज्ञान भएको तथा प्रयोग गर्ने राम्रो दक्खल भएको
- मोटरसाईकल/स्कुटर चलाउन सक्ने । (सवारी चालक अनुमति पत्र प्राप्त भएकालाई प्राथमिकता दिइनेछ ।)

६. **वाञ्छनीय योग्यता :** सहकारी तथा लघुवित्त क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

७. **आवेदकको उमेर :** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

८. **आवेदन शुल्क :** रु. ३००।- (फिर्ता नहुने) । (वेबसाइटमा रहेको अनलाइन क्युआर भुक्तानी मार्फत)

९. **तलब, भत्ता तथा अन्य : आधार तलब :** रु. १७,८१३ ।- भत्ता तथा **अन्य :** रु. ११,५००।- **जम्मा :** रु. २९,३१३ ।-

१०. **अन्य सुविधाहरु :** ग्रेड, सामाजिक सुरक्षाकोष, औषधी उपचार सुविधा, कर्मचारी बोनस, संचित बिदा, दुर्घटना विमा, पर्व बोनस, प्रोत्साहन भत्ता आदि ।

१‍१. **आवेदन पेश गर्ने विधि :**

- अनलाइनमार्फत संस्थाको वेबसाईट (https://www.hamronepalcoop.com.np/career) मा भएको Apply Now बाट आवेदन दिन सकिनेछ ।
- आवेदकले Apply Now मा New Registration गर्दा Create an account मा राख्ने इमेल ठेगाना र मोबाइल नम्बर आवेदक स्वयम्‌कै हुनुपर्नेछ ।
- आवेदन प्रक्रिया बारे थप जानकारी चाहिएमा **इमेल** hr@hamronepalcoop.com.np मा वा संस्थाको मुख्य कार्यालयको **फोन नम्बर** 023-535355 मध्ये कुनै एकमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।

१२. **परीक्षण अवधि :** ६ महिना (परिक्षण अवधी भर संस्थाको नियामानुसारको तलब मात्र उपलब्ध गराईनेछ ।)

१३. **नियुक्तिको किसिम :** स्थायी

१४. **आवेदन दिने अवधी :** २०८३ असोज ११ देखि २०८३ असोज २५ गतेसम्म (कार्यालय समय भित्र)

१५. **परिक्षा मिति र स्थान :** संस्थाको वेबसाईट(https://www.hamronepalcoop.com.np) तथा आधिकारिक सामाजिक सञ्जालहरु Facebook, Instagram, TikTok र WhatsApp Channel बाट जानकारी गराइनेछ ।

१६. **परिक्षाको किसिम :** Basic Computer तथा Email and Internet प्रयोग परीक्षा, लिखित परिक्षा र अन्तर्वार्ता ।

१७. **परिक्षाको पाठ्यक्रम (लिखित परिक्षाको लागि) :**

| क्र.स. | बिषय | अंक भार |
|---|---|---|
| १ | सहकारी, समसामयिक सामान्य ज्ञान | १५ |
| २ | सुचना र प्रविधि | १० |
| ३ | सहकारी शिक्षा | २५ |
| ४ | व्यवस्थापन तथा लेखा | ५० |
| **जम्मा** | | १०० |

१८. **आवश्यक कागजातहरु :** (अनलाईन प्रणालीमा अपलोड गर्नुपर्ने) : (Document & File Format)

- **पासपोर्ट साइज फोटो** : हालसालै खिचेको (दुवै कान प्रष्ट देखिएको) डिजिटल(स्क्यान) प्रति । (प्रिन्टेड फोटो को फोटो वा सेल्फी अपलोड भएमा आवेदन अमान्य हुने) । (JPG/PNG)
- **हस्तलिखित निवेदन** : डिजिटल(स्क्यान) प्रतिलिपि । (PDF/JPG)
- **व्यक्तिगत विवरण (C.V.)** : डिजिटल(स्क्यान) प्रतिलिपि । (PDF/JPG)
- **नागरिकता र राष्ट्रिय परिचयपत्रः** डिजिटल(स्क्यान) प्रतिलिपि । (अघिल्लो र पछिल्लो भाग एकै पानामा मिलाएर स्क्यान गरिएको हुनुपर्ने । (PDF/JPG)
- **शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्र** : डिजिटल(स्क्यान) प्रतिलिपि । (PDF/JPG)
- **बिषयगत तालिम तथा कम्प्युटर कोर्स प्रमाणपत्र** (लिएको भए) : डिजिटल(स्क्यान) प्रतिलिपि । (PDF/JPG)
- **कार्य अनुभव प्रमाणपत्र** (भएमा): डिजिटल(स्क्यान) प्रतिलिपि । (PDF/JPG)
- **सवारी चालक अनुमति पत्र (लाइसेन्स) (भएमा)**:डिजिटल(स्क्यान) प्रतिलिपि । (अघिल्लो र पछिल्लो भाग एकै पानामा मिलाएर स्क्यान गरिएको हुनुपर्ने । (PDF/JPG)

१९. उत्तीर्ण आवेदकहरुले संस्थाले तोके अनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ। नियुक्ति लिनुपूर्व निरोगिताको प्रमाणपत्र, प्रहरी रिपोर्ट र स्थायी लेखा नम्बर (PAN) लगायत आवश्यक कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

**नोट** : आवेदकले माथि उल्लेख गरेको सबै कागजातहरुको प्रतिलिपिलाई नेपाली रेकर्ड फाइलमा क्रमबद्ध रुपमा राख्नुपर्नेछ । फाइलको बाहिरपट्टी नेपालीमा कम्प्युटर टाइप गरि **नाम, ठेगाना, सम्पर्क नं, आवेदन क्षेत्र, विज्ञापन नं., पद, श्रेणी र तह** प्रिन्ट गरेर टाँस्नु पर्नेछ । तयार गरिएको फाइल आफु संलग्न हुने सम्पूर्ण परीक्षामा अनिवार्य साथमा लिएर आउनु पर्नेछ साथै अन्तर्वार्ताको समयमा सक्कल कागजातहरु साथमा लिएर उपस्थित हुनुपर्नेछ । सक्कल कागजातहरु उपलब्ध हुन नसकेमा आवेदकको परीक्षा सम्बन्धी सबै प्रक्रिया रद्ध हुनेछ ।

**– पदपूर्ति उपसमिति**



+977-23-535355 info@hamronepalcoop.com.np www.hamronepalcoop.com.np hamronepal cooperative